***अङ्क* 11**
**9/18/2020**

DeKalb County School District का परिवारलाई अभिवादन,

मङ्गलवारको समिति बैठकमा जोडिनु भएका सबैलाई धन्यवाद छ । सधा झैँ, म सबै सरोकारवालाहरूको प्रतिक्रिया तथा सुझावहरूको प्रशंसा गर्छु । यो अनिश्चित समयका सबै निर्णयहरू हाम्रा कर्मचारी तथा विद्यार्थीहरूको हित हुने गरी लिइनेछ । DCSD को तर्फबाट, म फेरि पनि दोहोर्याउन चाहन्छु कि हाम्रा विद्यार्थी तथा कर्मचारीहरूको सुरक्षा तथा स्वास्थ्य हाम्रो उच्च प्राथमिकता भित्र पर्छ । हाम्रो विद्यालयमा सुन्दर विविधता छ र हामी हाम्रा सबै समुदायहरूको सम्मान गर्छौं । हामीलाई थाहा छ कि हामी सँगै भयौं भने राम्रो हुन्छ ।

पुन: प्रवेशसम्बन्धी योजनामा मैले जानकारी गराए अनुसार, DCSD ले रिमोट लर्निङ पद्धति प्रयोग गरेर विद्यालय वर्ष सुरु गरेको थियो र कोभिड-19 फैलने जोखिम मध्यम वा न्यून भएको समयमा – 14 दिनको अवधिमा प्रत्येक 100,000 बासिन्दाहरूमा 100 जना वा कम व्यक्तिहरूमा संक्रमण देखिएको खण्डमा *मात्र* विद्यार्थीहरूलाई विद्यालयको नियमित सिकाइमा फिर्ता गर्नेछ । हाम्रो योजनाको दोस्रो चरणमा हाम्रा विद्यार्थीहरू अनलाइन सिकाइमा रहने छन् र ऐच्छिक सहभागिताका आधारमा खेलकुद तथा अतिरिक्त क्रियाकलापहरू फेरि सूचारू गरिनेछ । सुरक्षित तरिकाले नियमित शिक्षणमा फिर्ता भए पछिको समयका लागि हामी प्रावधानहरू बनाउँदै छौं ताकी अभिभावक तथा परिवारहरूले अनलाइन सिकाइमा रही रहने विकल्प पाउन् ।

## कोभिड-19 को चिकित्सा सल्लाहकार समिति र फोकस ग्रुपहरू

हामी हाम्रा आमाबाबु, शिक्षक तथा प्रधानाध्यापकको फोकस ग्रुपको निष्कर्ष सङ्कलन गर्ने प्रक्रियामा पनि छौं । हामी DCSD को कोभिड-19 सम्बन्धी कार्यबलका अद्यावधिकहरू, अन्तिम अभिभावक सर्वेक्षणको तथ्याङ्क, DeKalb County Board of Health र Centers for Disease Control and Prevention (CDC) लगायतका स्वास्थ्य साझेदारहरूबाट प्राप्त जानकारी प्रदान गर्ने कार्यलाई जारी राख्ने छौं ।


## कोभिड-19 को वर्तमान तथ्याङ्क

विद्यालय पुन: सञ्चालन गर्ने DCSD को कोभिड-19 सम्बन्धी कार्यबलले DeKalb काउन्टी र Georgia को संक्रमणसम्बन्धी तथ्याङ्क अध्ययन गर्नका लागि दैनिक रूपमा दिउँसो 3:00 बजे पछि GDPH को वेबसाइट जाँच गर्छ । डिस्ट्रिक्टले आफै तथ्याङ्क गणना गर्दैन वा भन्नु पर्दा GDPH ले प्रदान गरेको तथ्याङ्कको बारेमा कुनै पनि कुरा अनुमान गर्दैन ।


तपाईं यो जानकारी पहुँच गर्न चाहनुहुन्छ भने, प्रक्रियाहरू तल दिइएको छ:

1. वर्तमान जानकारी हेर्नका लागि दैनिक रूपमा दिउँसो 3:00 बजे पछि https://dph.georgia.gov/covid-19-daily-status-report मण गर्नुहोस् ।


2. Georgia को नक्सा देखिने खण्डमा जानुहोस् ।





3. दैनिक तथ्याङ्क हेर्न DeKalb काउन्टीमा जानुहोस् ।



4. तपाईं विगतको तथ्याङ्क हेर्न चाहनुहुन्छ भने तपाईंले पात्रोको ड्रप डाउन मेनु प्रयोग गरेर महिना र गते परिवर्तन गर्न सक्नुहुन्छ ।




**क्षेत्र IV को स्थलगत भ्रमण**

क्षेत्र IV को मेरो स्थलगत भ्रमणमा मलाई स्वागत गर्ने उत्कृष्ट शिक्षक, विद्यार्थी तथा कर्मचारी सबै जनालाई धन्यवाद दिन चाहन्छु । बुधवार, क्षेत्रीय सुपरिन्टेन्डेन्ट डा. Michelle Jones ले Clarkston, Stone Mountain र Beyond clusters को भ्रमण गर्ने बन्दोबस्त मिलाउनु भयो ।  डा. Jones र मैले New Indian Creek Elementary, Rockbridge Elementary schools को भ्रमण गर्यौं र हामीले अन्त्यमा DeKalb Early College Academy (DECA) मा रोकिएर DCSD का विद्यालय र माइक्रोक्याबिनेटका नेताहरूलाई भेट गर्यौं । मैले क्षेत्र IV को सुन्दर विविधता र क्षेत्र IV ले हाम्रा विद्यार्थीहरूका लागि यो विशिष्ट समयमा कसरी भर्चुअल सिकाइ अनुभवहरू सुधार गरिरहेको छ भन्नेमा बारेमा जान्न पाए ।

केही उत्कृष्ट उपलब्धिहरूमा निम्न कुरा समावेश छन्:

- क्षेत्र IV का एघार विद्यालयहरूले शैक्षिक उत्कृष्टताको वातावरणमा 4- वा 5-स्टार रेटिङ प्राप्त गरेका छन् ।
- 2019 मा, Indian Creek Elementary, Rockbridge Elementary, DeKalb Early College Academy (DECA), र DeKalb School of the Arts (DSA) ले प्रतिष्ठित GOSA Single Statewide Accountability System (SSAS) पुरस्कार जिते ।
- क्षेत्रका दुई विद्यालयहरू, Stone Mountain माध्यमिक विद्यालय र Champion Theme माध्यामिक विद्यालय STEM को लागि प्रमाणित विद्यालयहरू हुन् । यसले गणित र विज्ञान प्रति ती विद्यार्थी तथा शिक्षकहरूले देखाएको लगाव र उत्साहलाई झल्काउँछ ।

म क्षेत्र IV का विद्यार्थीहरूले हासिल गरेको सबै उत्कृष्ट कुराको बारेमा उत्साहित छु र यो वर्षको अलि पछि तपाईंहरू मध्ये धेरैसँग जोडिन प्रयास गर्नेछु ।

**CARES ऐनको मुद्दामा जित**

DCSD ले यो हप्ता सार्वजनिक विद्यालयहरूले पाउने संघीय आकस्मिक सहायता कोषमा गैरकानुनी सर्तहरू लगाउने नियमलाई गैरकानुनी घोषणा गर्ने अदालत (Columbia डिस्ट्रिक्टका लागि U.S. District Court) को अन्तिम फैसलामा महत्त्वपूर्ण जित हासिल गरेको छ। DCSD ले यो नियमलाई चुनौती दिने कुरामा राष्ट्रिय नेतृत्वको भूमिका निभाएकोमा मैले गौरवान्वित महसुस गरेको छु। उक्त नियमले हाम्रा विद्यार्थीहरूका लागि आउने संघीय कोषको मिलियन डलर भन्दा ठूलो रकम अरू तिर लैजान खोजेको थियो।

DCSD को लागि यो अनिश्चित समयमा हामी अगाडि बढ्दै गर्दा सहयोग गर्नु भएकोमा तपाईलाई धन्यवाद। हामी एकसाथ यो काम गरिरहेका छौं। मैले यस कुरामा एकदम गौरवान्वित महसुस गरेको छु। कृपया के कुरा थाहा पाउनुहोस् भने अरू सबै कुरा छोडेर DCSD का सबै विद्यार्थीहरूलाई सुरक्षित तरिकाले शैक्षिक उत्कृष्टता प्रदान गर्ने मेरो प्रतिबद्धता अटल छ।

तपाईंको #1 प्रशंसक,

Cheryl Watson-Harris